# वार्षिक प्रगति प्रतिवेदन

## आ. व. २०७३/०७४












नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वनस्पति विभाग

जिल्ला वनस्पति कार्यालय, जुम्ला

प्रतिवेदकः मदन कुमार खडका

## परिचय :

कर्णाली अञ्चलमा विद्यमान जडिबुटी तथा अन्य महत्वपूर्ण वनस्पतिहरुको स्रोत सर्वेक्षण, संरक्षण र सम्बर्धन गरी वैज्ञानिक अध्ययन अनुसन्धानबाट प्राप्त ज्ञान र सीपलाई जनसमुदायमा हस्तान्तरण गरीवी न्युनीकरणमा टेवा पुर्‍याउने मुल उद्देश्यले जिल्ला वनस्पति कार्यालय, जुम्ला ले वि.स. २०४२ साल देखि नै केशर खेति कार्यालयको रुपमा यस क्षेत्रमा केशर खेतिको शुरुवात गर्दै आएका हो तर विधिवत रुपमा यो कार्यालय वि.स. २०५६ सालमा जिल्ला वनस्पति कार्यालयको स्थापना स्थापना भएको हो । वनस्पति विभाग अन्तर्गतको सात जिल्ला कार्यालयहरु मध्यको एक यस जिल्ला वनस्पति कार्यालय, जुम्लाले जडिबुटीको भण्डार मानिने कर्णाली क्षेत्रको प्रतिनिधित्व गर्दछ । यो कार्यालय, जुम्लाको खलङ्गा बजारको पूर्वी भागमा अवस्थित छ जुन समुन्द्र सतहदेखि २३५० मी. को उचाईमा पर्दछ। कार्यालय परिसर भित्र जडिबुटी प्रदर्शनी प्लट र जडिबुटीहरुको विभिन्न वैज्ञानिक अध्ययन गर्ने फिल्डहरु रहेका छन् । कार्यालय परिसर बाहेक यस कार्यालय अन्तर्गत दुई वटा फिल्डहरु रहेका छन् । धिताचौर वनस्पति उद्यान कार्यालय देखि दक्षिण-पूर्वी भागमा अवस्थित हुनुको साथै विभिन्न जडिबुटी तथा फुल विरुवाहरुले सु-सज्जित रहेको छ। यसको कुल क्षेत्रफल ४३,७८५ बर्ग मी. रहेको छ । त्यस्तै तलिउम नर्सरी कार्यालय देखि करिब ६ की. मी. पश्चिममा अवस्थित छ र यसको कुल क्षेत्रफल १,६७० बर्ग मी रहेको छ । तलिउम नर्सरीमा पदमचालको प्रदर्शनी फार्म र केशरको फिल्ड रहेकोमा हाल यस क्षेत्र विधालयले प्रयोग गर्दै आएको छ।

यस कार्यालयमा सहायक वनस्पति अधिकृत-१ जना, असिस्टेण्ट वोटानिस्ट-२ जना, असिस्टेण्ट केमिस्ट-१ जना, सुपरभाईजर-१ जना, असिष्टेण्ट ल्याव टेक्निसियन १ जना, हेड फिल्ड असिष्टेण्ट १ जना, सह-लेखापाल-१ जना, फिल्ड असिस्टेण्ट-१ जना र कार्यालय सहयोगी-६ जना गरी जम्मा १५ जनाको दरबन्दी रहेको छ । यसको साथै धिताचौर वनस्पति उद्यान र कार्यालय परिसरमा ४ जना नियमित कामदारहरु तथा २० देखि ३० जना सिजनल ज्यामीहरु रहेका छन् । यस कार्यालयको मुख्य कार्यक्षेत्र धिताचौर वनस्पति उद्यान हो । विभिन्न सामुदायिक वन तथा जडिवुटी कृषक समूहहरु, कृषक समूहहरु र जैविक विविधताले महत्वपूर्ण क्षेत्रहरु पनि यसको कार्यक्षेत्र भित्र पर्न आउछन् ।

यस कार्यालयको दरवन्दि विवरण निम्नानुसार रहेको छ

| जिल्ला वनस्पति कार्यालय, जुम्ला :- कार्यालयको कोड नं.:- ३४-५५-१९००१ | | | | |
|---|---|---|---|---|
| सि.नं. | पद | श्रेणी/तह | सेवा/समुह/उप समुह | स्विकृत भएको दरवन्दी संख्या |
| १. | सहायक वनस्पति अधिकृत | रा.प. तृतिय श्रेणी | नेपाल वन सेवा/वोटानी समुह | १ |
| २. | वनस्पति सहायक | रा.प.अनं. प्रथम श्रेणी | नेपाल वन सेवा/वोटानी समुह | २ |
| ३. | सहायक रसायनविद | रा.प.अनं. प्रथम श्रेणी | नेपाल ईन्जिनियरिङ्ग सेवा/केमेष्ट्री | १ |
| ४. | सुपरभाईजर | रा.प.अनं. प्रथम श्रेणी | नेपाल ईन्जिनियरिङ्ग सेवा/मेकानिकल ईन्जिनियरिङ्ग/जेनेरल मेकानिकल ईन्जिनियरिङ्ग | १ |
| ५. | असिष्टेण्ट ल्याव टेक्निसियन | रा.प.अनं. द्धितिय श्रेणी | नेपाल ईन्जिनियरिङ्ग सेवा/मेकानिकल ईन्जिनियरिङ्ग/जेनेरल मेकानिकल ईन्जिनियरिङ्ग | १ |
| ६. | हेड फिल्ड असिष्टेण्ट | रा.प.अनं. द्धितिय श्रेणी | नेपाल वन सेवा/वोटानी समुह | १ |
| ७. | सहलेखापाल | रा.प.अनं. द्धितिय श्रेणी | नेपाल प्रशासन सेवा/लेखा | १ |
| ८. | फिल्ड असिष्टेण्ट | रा.प.अनं. तृतिय श्रेणी | नेपाल वन सेवा/वोटानी समुह | १ (नि.से.नि.अनुसार सो पद खारेज गरिएको) |
| ९. | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समुह | ६ (५ जना करार सेवामा कार्यरत) |
| | | | **कुल संख्या** | १५ |

## *उद्देश्य :*

जिल्लाको समग्र वानस्पतिक श्रोतको वैज्ञानिक अध्ययन, पहिचान, संकलन तथा खेती विस्तार गरी तिनीहरुको सदुपयोग सम्बन्धी सूचना तथा प्रविधि जनस्तरसम्म पुऱ्याउने ।

## *जिल्ला वनस्पति कार्यालय, जुम्लाको प्रमुख कृयाक्लापहरु :*

- धिताचौर वनस्पति उद्यान र आसपासका क्षेत्रलाई जैविक विविधता संरक्षण स्थल तथा अनुसन्धान र मनोरञ्जन स्थलको रुपमा स्थापित गराउने ।
- व्यवसायिक रुपले महत्वपूर्ण जडीबुटीहरुको खेती प्रविधि विकास गर्नुको साथै प्रविधि विकास भइसकेका जडीबुटीहरुको व्यवसायिक उत्पादन गरी सामुदायिक वन तथा निजी क्षेत्रलाई आवश्यक प्रविधि उपलब्ध गराउने ।
- वनस्पतिहरुको संकलन, संरक्षण तथा अभिलेख राख्ने ।
- वनस्पतिहरुको वैज्ञानिक पहिचान र नामाकरणको लागि प्राविधिक सहयोग ।
- विभिन्न महत्वपूर्ण जडिबुटी तथा वनस्पतिहरुको वंशानुस्रोत (जर्मप्लाज्म) संरक्षण गर्ने तथा खेति प्रविधि विकासको लागि अध्यन अनुसन्धान गर्ने ।
- खेति प्रविधि विकास भईसकेका महत्वपूर्ण जडिबुटीहरुको प्रदर्शनी फार्म Demonstration farm विकास गरी जनसमुदायलाई जडिबुटी खेति तर्फ आकर्षित गर्ने ।
- ईच्छुक व्यक्ति, समुहहरुलाई जडिबुटी खेति सम्बन्धि प्राविधिक सहयोग गर्ने ।
- जडिबुटीहरु तथा मौसमी शोभनीय फूल विरुवा को बेर्ना उत्पादन तथा वितरण गर्ने ।
- तलिम मार्फत खेति प्रविधि हस्तान्तरण गर्ने ।
- जडिबुटी प्रदर्शनी प्लट, सूचना कक्ष तथा विभिन्न दिवसहरु (वनस्पति दिवस, अन्तराष्ट्रिय जैविक विविधता दिवश, अन्तराष्ट्रिय पर्वतिय दिवस, सिमसार दिवश र विश्व वातावरण दिवस) मनाई वनस्पतिको महत्वबारे जनचेतना अभिवृद्धी गर्ने ।
- शैक्षिक तथा मनोरमणिय स्थल विकास गर्ने उद्देश्यले वनस्पति उद्यानको विकास गर्ने ।
- सुगन्धित वनस्पतिहरुको तेल प्रतिशत निर्धारण गर्ने तथा अन्य रसायनिक विश्लेशणको लागी आवश्यक समन्वय गर्ने ।
- अन्य प्राविधिक कामहरु जस्तै वनस्पति श्रोतहरुको सर्वेक्षण गर्ने, Plant Descriptor तयार गर्ने आदी ।
- व्रोसर, लिफलेट, पम्पलेट, वार्षिक प्रगति प्रतिवेदन, तालिम निर्देशिका आदि प्रकाशन गर्ने
- वनस्पति श्रोतको परम्परागत उपयोगी ज्ञानको अभिलेखिकरण गर्ने
- दुलर्भ, लोपोन्मुख, वनस्पति प्रजातिको संकलन तथा संरक्षण गर्ने
- स्वदेशी शोभनीय फूल विरुवा अध्ययन अनुसन्धान गर्ने
- निजी तथा साना किसान समूहमा जडिबुटी खेती विस्तार गर्ने
- महिलाहरुको संलग्नतामा होम हर्बल गार्डेन मार्फत प्राथमिक स्वास्थ्य उपचारमा टेवा पुरयाउने
- संकटापूर्ण अवस्थामा पुगेका जडिबुटी प्रजातिको बासस्थान संरक्षणका लागी आवश्यक समन्वय गर्ने ।
- सामुदायिक तथा सार्वजनिक जग्गामा संघ/संस्था समुदायलाइ तथा निजी जग्गामा रोपणका लागि गरिब तथा विपन्न वर्गलाई ढुवानी तथा वृक्षारोपण सहयोग अनुदानको लागी आवश्यक समन्वय गर्ने ।
- विद्यालयहरुमा जडिबुटी वाटिका स्थापना मार्फत विधार्थीमा वनस्पति प्रति जनचेतना जगाउने
- एक गाउँ एक उत्पादनको लागि गुणस्तरीय विरुवा उत्पादन तथा वितरण गरि जडिवुटिको पकेट क्षेत्र विकाश गर्नका लागी आवश्यक समन्वय गर्ने ।
- स्थानिय रेडियोवाट जडिबूटीको दिगो संकलन, संरक्षण, व्यवस्थापन, खेती विस्तार तथा स्थानीय बजारको मुल्य सम्वन्धि चेतनामुलक कार्यक्रम प्रशारणका लागी आवश्यक समन्वय गर्ने ।

## *जिल्लामा संचालित प्रमुख आयोजनाहरु*

## १. वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम

जैविक विविधताले धनी मानिएको देश नेपालमा वनस्पति सम्पदाको संरक्षण तथा सदुपयोग गर्न वनस्पति विभागले वि.स. २०४२ साल देखि नै जुम्ला जिल्लाको देपालगाउ गा.वि.स अन्तर्गत धितागाउमा ४.३६८५ हेक्टर क्षेत्रमा धिताचौर वनस्पति उद्यानको स्थापना गरेर संरक्षणका कामहरु गर्दै आएकोमा वि.स. २०५६ सालमा जिल्ला वनस्पति कार्यालय स्थापना भए पश्चात यसै कार्यालय मार्फत क्रियाकलापहरु सञ्चालन हुँदै आएका छन् ।

*उद्देश्य* :-

- जैविक विविधता संरक्षण गरी वातावरणीय सुधार तथा पर्यटन विकासमा सघाउ पुऱ्याउने ।
- उद्यानलाई रमणीय स्थलको रुपमा विकास गर्ने ।
- उद्यान सम्बन्धी सेवा उपलब्ध गराउने ।
- शैक्षिक कार्यक्रममा सहयोग पुऱ्याउने ।

## २. वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम

वनस्पति सम्पदा एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वनस्पति र मानिसको सम्बन्ध निकै नजिकको छ । वनस्पति विना कुनै पारिस्थितिक प्रणाली सञ्चालन हुन सक्तैन । भौगोलिक तथा सामाजिक दृष्टिकोणले महत्वपूर्ण वनस्पतिहरुमा जैविक एवं वानस्पतिक अध्ययन, अनुसन्धान तथा प्रविधि विकास गरी जैविक विविधताको संरक्षण गर्न टेवा दिँदै आएको छ ।
जडीबुटी सम्पदा नेपालको एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । खासगरी दुर्गम क्षेत्रमा बसोबास गर्ने मानिसहरुको लागि जडीबुटी मुख्य आय श्रोतको रुपमा रहेको छ । देशको अर्थतन्त्रलाई उचो राख्न र आर्थिक विकास गर्न जडीबुटी सम्पदाको दिगो व्यवस्थापन र विकास गर्नु अपरिहार्य छ । समुचित उपयोग, समयोचित विकास तथा व्यवस्थापन हुन नसकेको कारणले गर्दा देशमा उपलब्ध जडीबुटीहरुको परिमाणमा ह्रास आएको छ । जडीबुटी प्रवर्द्धन आयोजनाले जुम्लामा विद्यमान जडीबुटी सम्पदाको संरक्षण, व्यवस्थापन तथा विकासमा टेवा दिँदै आएको छ

*उद्देश्य* :-

- वानस्पतिक श्रोतको वैज्ञानिक अध्ययन गर्ने ।
- वानस्पतिक श्रोतको वैज्ञानिक संकलन तथा पहिचान गर्ने ।
- वनस्पतिहरुमा भएको जैविक तथा रासायनिक विविधताको अध्ययन अनुसन्धान गर्ने ।
- जैविक विविधता संरक्षण गरी दिगो विकासमा योगदान दिने ।
- जडीबुटीहरुको उपयोग, व्यापार तथा उपलब्धता सम्बन्धी तथ्यांक संकलन गर्ने ।
- जडीबुटीको खेती प्रविधि विकास गर्ने ।
- जडीबुटीको वंशाणु श्रोत संरक्षण गर्ने ।
- जडीबुटी संरक्षण तथा उपयोगबारे जनचेतना अभिवृद्धि गरी खेती सम्बन्धी सीप विकास गराउने ।

## ३. जडिवुटी विकास कार्यक्रम

लक्षित वर्गलाई सहभागिता गराई गरिबी न्यूनीकरण र समतामूलक विकासमा सघाउ पुर्‍याउन र आयआर्जनको अवसर उपलब्ध गराउनु आवश्यक देखिन्छ । विपन्न वर्गमा जडिवुटी खेती गराउन सके वेरोजगारी समस्या पनि केहि हदसम्म हल गर्न सकिन्छ र आयआर्जनमा पनि सहयोग हुन्छ ।

*उद्देश्य:*

- विपन्न वर्गमा उनीहरुको सहभागितामा जडिवुटी नर्सरी निर्माण गर्ने ।
- जडिवुटी खेती सम्बन्धि तालिम तथा क्षमता अभिवृद्धि गर्ने ।
- जडिवुटी विरुवा उत्पादन गरी वितरण गर्ने ।

# स्वीकृत वार्षिक कार्यक्रम र कार्यक्रम कार्यान्वयन :–




आ.व. २०७३/०७४ मा यस कार्यालयलाई प्राप्त निम्न बमोजिमको वार्षिक कार्यक्रम एक/एक प्रति संलग्न गरिएको छ


CANON 600 D DSLR खरिद
मल्टिमिडिया प्रोजेक्टर खरिद
वनस्पति
अध्ययन तथा
अनुसन्धान
कार्यक्रम
निजी तथा साना किसान समूहमा जडिबुटी खेती विस्तार
वनस्पति दिवस
महिलाहरुलाई जडिबुटि सम्बन्धि सचेतना कार्यक्रम
वार्षिक प्रगति प्रतिवेदन
आ. व. २०७३/०७४

## *वनस्पति अध्ययन, अनुसन्धान तथा वजारीकरण कार्यक्रम*

पृष्ठभुमी

कर्णाली अञ्चललाई जडिबुटीको धनी क्षेत्र मानिन्छ । देशमा विद्यमान जडिबुटीहरुको यथोचित सम्बर्द्धन गर्दै तिनीहरुको खेति प्रणाली विकास गर्दै लैजाने उद्देश्य अनुरुप आ. व . २०५७/५८ देखि जडिबुटी प्रबर्द्धन आयोजना लागू भै केन्द्र र विभिन्न जिल्ला वनस्पति कार्यालयहरु मार्फत संचालन हुदै आईरहेको छ पछि सोहि कार्यकम वनस्पति सदुपयोग तथा बजारीकरण कार्यक्रम का नामले संचालन गरियो । यस कार्यक्रम बाट प्राप्त उपलब्धीहरु जिल्ला वनस्पति कार्यालय ले कृषक र सरोकार वाला संग बाँड्ने , कृषक र संकलनकर्ता बाट प्राप्त अनुभवलाई लिखित रुपमा राखेर सोहि अनुरुप भावि कार्ययोजना तथा नीति नियमहरु समेत तय गर्न सघाउँदै आएको छ । कर्णाली अंचलमा बिद्यमान गरीबीलाई केहि कम गर्न यस वनस्पति सदुपयोग तथा बजारीकरण कार्यक्रम अन्तर्गत

हाल जडिबुटी तथा अन्य महत्वपूर्ण वनस्पतिहरुको माग अन्तराष्ट्रिय बजारमा बढिरहेको अवश्थामा वनस्पति तथा वनस्पतिजन्य उत्पादनको सही मूल्यांकन गरी उचित लाभ पाउन वैज्ञानिक तरिकाबाट यसको सर्वेक्षण , पहिचान, अध्ययन अनुसन्धान तथा तिनीहरुको स्तर निर्धारण, प्रमाणिकरण आदि कार्यको लागि विगत १४ वर्ष देखि वनस्पति अध्ययन तथा अनुसन्धान कार्यक्रम संचालन हुदै आईरहेको छ ।

**उद्देश्य**

वानस्पतिक अध्ययन , अनुसन्धान , संकलन , सर्वेक्षण र पहिचान कार्य गरी वानस्पतिक स्रोतको दिगो उपयोगको लागि संस्थागत रुपमा काम गर्ने ।

**लक्ष्य**

वनस्पति तथा वनस्पतिजन्य उत्पादनको सही मूल्यांकन गरी सर्वेक्षण , अध्ययन, अनुसन्धान गरी सम्बन्धित सरोकारवालाहरुलाई सहयोग पुर्‍याई देश विकासमा टेवा पुर्‍याउने ।

आ.व . २०७३/७४ मा निम्न बमोजिमका कार्यक्रमहरु संचालन भएका छन् ।

### *(अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु*



**मोटर साइकल खरिद**

वजाज को १५० सि. सि. को पल्सर मोटर साइकल खरिद गरिएको।

**जि. पि. एस. वा क्यामारा खरिद**

GPS/ Canon DSLR खरिद गरिएको ।




## मल्टिमिडिया प्रोजेक्टर खरिद

EPSON को मल्टिमिडिया प्रोजेक्टर खरिद गरिएको ।






## सोलार प्यानल खरिद

६०० वाट क्षमताको सोलार जडान गरिएको।







## *(आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु*

### ब्रोसर, लिफलेट, पम्पलेट, वार्षिक प्रगति प्रतिवेदन, तालिम निर्देशिका आदि प्रकाशन

४ थान वार्षिक प्राविधिक प्रतिवेदन प्रकाशन गरिएको र प्राथमिक स्वास्थ्य उपचार सम्वन्धि ब्रोसर १००० प्रति छपाइएको।



### सुगन्धित वनस्पतिहरुको तेल प्रतिसत निर्धारण

तितेपाति, धुपि, रोजमेरी, मेन्था र पुदिना ५ प्रजातीहरुको सुगन्धित वनस्पतिहरुको तेल प्रतिसत निर्धारणका काम सम्पन्न भएको।




**<u>गुणस्तर विकासको लागि खेती प्रविधि अनुसन्धान गरी सो सम्बन्धी प्राविधिक प्रतिवेदन तयार गर्ने</u>**

गुणस्तर विकासको लागि खेती प्रविधि अनुसन्धानका रोजमेरी *Rosmarinus officinalis* को अनुसन्धान काम सम्पन्न भएको।




**<u>प्राविधिक तथा विविध सेवा व्यवस्थापन</u>**

प्राविधिक तथा विविध सेवा व्यवस्थापन वाट कम्प्युटर, फोटोकपि मेशिनहरु, प्रिन्टर, टोनर रिफिल, इन्टरनेट नेटवर्किंग, सोलार वति जडान तथा वाइरिंग र अन्य मर्मत का कामहरु सम्पन्न भएको ।

**<u>जैविक स्रोत तथा वानस्पतिक परम्परागत उपयोगको ज्ञानको अभीलेखिकरण :</u>**

वनस्पति श्रोतको परम्परागत उपयोगी ज्ञानको अभिलेखिकरणको लागी जुम्ला जिल्लाको सिंजा क्षेत्र भित्रको मालिकावोता तथा नाराकोट गा.वि.स को खस समुदायले प्रयोग गर्ने वनस्पतिहरुको अभिलेखिकरणको काम सम्पन्न भएको।




**<u>निजी तथा साना किसान समूहमा जडिबुटी खेती विस्तार</u>**

निजी तथा साना किसान समूहमा जडिबुटी खेती विस्तारका लागि अभिमुखिकरण गोष्ठि सम्पन्न गरिएको साथै सोहि समुह लाइ आर्थिक तथा जडिवुटि रोपणका लागी सामाग्री वितरण गर्ने काम सम्पन्न भएको।

पृष्ठभूमी

जडिवुटीको भण्डार मानिने कर्णाली अञ्चलको जुम्लामा रहेको जिल्ला वनस्पति कार्यालयले आफ्नो स्थापना काल देखि नै जडिवुडि तथा अन्य महत्वपूर्ण वनस्पतिहरुको सर्वेक्षण, संरक्षण र दिगो व्यवस्थापन तथा उपयोगको बारेमा काम गर्दै आइरहेको सन्दर्भ सबैलाई सर्वविदितै छ । यसैगरी जिल्लाको विभिन्न क्षेत्रहरुमा जडिवुटिको खेति प्रविधि विस्तार गर्ने उद्देश्यका साथ तालिम तथा उद्यम विकास, अन्तरक्रिया, जडिवुटीको घरेलुकरण खेतीप्रविधि अनुसन्धान, जडिवुटी समूह, जडिवुटी सुचना केन्द्र, जडिवुटी प्रदर्शनी प्लट तथा वनस्पति उद्यान, वनस्पति श्रोतको उपयोगी ज्ञानको अभिलेखिकरणको माध्यमबाट जडिवुटि कृषक वा सम्बद्ध सरोकार वालालाई सु-सुचित पार्ने काम पनि भइरहेको छ । साथै विशेषगरी प्राकृतिक वासस्थानमा वहुमूल्य जडिवुटी लोपहुदै गईरहेको अवस्थामा जैविक श्रोतको वँश सँरक्षण, प्राकृतिक भौगोलिक संरचना, हावापानीमा आर्थिक उर्पाजनका प्रमुख वैकल्पिक श्रोत तथा आधुनिक स्वास्थ्य उपचारका पहुँचबाट टाढा रहेका मानिसहरुलाई स्थानिय स्तरमै स्थानीय वनस्पतिको प्रयोग गरी प्राथामिक स्वास्थ्य उपचार गराउन पनि जडिवुटिको खेति प्रविधिको विकासको आवश्यकता अत्यन्त सान्दर्भिक देखिन्छ ।

उद्देश्य तथा अपेक्षित उपलब्धी

खेती प्रविधि विकास भएका आर्थिक सँभाव्य जडिवुटीहरुको निजी कृषकको जमिनमा खेती गराई आय आर्जनमा टेवा पुर्याउने । कृषिबाली बाहेक कृषकको खेर गईरहेको जमिनमा जडिवुटी खेती गराई जमिनको अधिकतम् उपयोग गरी आयआर्जन गर्न उत्प्रेरित गर्ने ।





जिल्ला वनस्पति कार्यालय, जुम्लाको स्कित वार्षिक कार्यक्रमको जडिवुटी विकास कार्यक्रम अन्तरगतको **निजि तथा साना किसान समूहमा जडिवुटी सम्वन्धि - अभिमुखीकरण कार्यक्रम:** जुम्ला जिल्ला देपालगाँउ गा वि. स. मा मिति २०७३/०५/२५ गते कार्यक्रमका सभापति जिल्ला वनस्पति कार्यलयका, जुम्लाका का.प्र. श्री मदन कुमार खड्का सँयोजकत्वमा र तपसिलमा व्यक्तिहरुको उपस्थितिमा आयोजना गरीयो ।





**अभिमुखीकरण कार्यक्रम :**

**" निजि तथा साना किसान समूहमा जडिवुटी सम्वन्धि - अभिमुखीकरण कार्यक्रम "** जुम्ला जिल्ला देपालगाँउ गा वि. स. मा मिति २०७३/०५/२५ गते निजि तथा साना किसान समूहमा जडिवुटी सम्वन्धि - अभिमुखीकरण कक्षा सञ्चालन गरीयो । अभिमुखीकरण कक्षामा जिल्ला वनस्पति कार्यलय, जुम्लाको कार्यलय प्रमुख श्री मदन कुमार खड्काले वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय, आयमुलक जडिवुटी खेती सम्वन्धि, जडिवुटीको दिगो सँकलन, भण्डारण ,

प्रशोधन तथा जडिवुटीको दिगो व्यवस्थापन को वारेमा र असिष्टेण्ट वोटानिष्ट श्री चन्द्र मोहन गुर्मछान ले जडिवुटी नर्सरी प्रविधि ,जडिवुटि विरुवाको प्रसारण विधिहरु र अतिस, कुटकी, लौठ सल्ला, सुगनधवाल, जटामसी खेती प्रविधि वारेमा कक्षा सञ्चालन गर्नु भयो ।

**तालिका सहभागी प्रशिक्षक, संयोजक तथा सहयोगी विवरण :**

| क्र.स | नाम थर | तालिममा प्रमुख भूमिका | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | श्री मदन कुमार खड्का | प्रशिक्षण तथा अगुवाइ | का प्र | जि.वनस्पति का.जुम्ला |
| २ | श्री चन्द्रमोहन गुर्मछान | प्रशिक्षण | अ.वो. | जि.वनस्पति का.जुम्ला |
| ३ | श्री नवानन्द चौलागाई | तालिम सहयोगी | का.स. | जि.वनस्पति का.जुम्ला |
| ४ | श्री धनकृष्ण न्यौपाने | तालिम सहयोगी | का.स. | जि.वनस्पति का.जुम्ला |
| ५ | श्री गँगा प्रसाद धिताल | तालिम सहयोगी | का.स. | जि.वनस्पति का.जुम्ला |

**कार्यक्रम तालिका**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०७३/०५/२५ | ११:०० - १२:३० | वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय, जुम्ला को परिचय, आयमुलक जडिवुटी खेती सम्वन्धि, |
| | १२:३० - १ :३० | जडिवुटीको दिगो सँकलन, भण्डारण , प्रशोधन तथा जडिवुटीको दिगो व्यवस्थापन |
| | १ :३० - २:०० | खजा |
| | २ :०० - ३:०० | जडिवुटी नर्सरी प्रविधि वारेमा जानकारी ,जडिवुटि विरुवा प्रसारण विधिहरु |
| | ३:०० - ४:०० | अतिस, कुटकी, लौठ सल्ला, सुगनधवाल, जटामसी खेती प्रविधि |

**सहभागीहरु**

| क स | नम | ठेगाना/समूह/जडिवुटी कृषक |
|---|---|---|
| १ | शोभा नेपाली | देपालगाँउ, जुम्ला |
| २ | नानी नेपाली | देपालगाँउ, जुम्ला |
| ३ | मन्जु नेपाली | देपालगाँउ, जुम्ला |
| ४ | सुकमति नेपाली | देपालगाँउ, जुम्ला |
| ५ | गिता नेपाली | देपालगाँउ, जुम्ला |
| ६ | गोपाल खत्री | देपालगाँउ, जुम्ला |
| ७ | धर्म दवाडी | देपालगाँउ, जुम्ला |
| ८ | केशव दवाडी | देपालगाँउ, जुम्ला |
| ९ | गोमा गिरी | देपालगाँउ, जुम्ला |
| १० | कल्पना नेपाली | देपालगाँउ, जुम्ला |
| ११ | शान्ति खत्री | देपालगाँउ, जुम्ला |
| १२ | मच्चे गिरी | देपालगाँउ, जुम्ला |
| १३ | पदमशिला नेपाली | देपालगाँउ, जुम्ला |
| १४ | वेलकोशा नेपाली | देपालगाँउ, जुम्ला |
| १५ | चाउरी नेपाली | देपालगाँउ, जुम्ला |
| १६ | सन्तविर नेपाली | देपालगाँउ, जुम्ला |
| १७ | विर्ख नेपाली | देपालगाँउ, जुम्ला |

| | | |
|---|---|---|
| १८ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला |
| १९ | चन्द्रमोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला |

## डोमेष्टिकेशन तथा जर्मप्लाज्म संरक्षण व्यवस्थापन

वनस्पति उधानको डोमेष्टिकेशन तथा जर्मप्लाज्म संरक्षण व्यवस्थापन क्षेत्रमा रहेका विरुवाहरुको नियमित रेखदेख तथा गोडमेल काँट छाँट गर्ने काम भइरहेको लगायत ४० प्रजातीका जडिबुटीहरु Domestication research भइरहेको छ।

वनस्पति उधानको डोमेष्टिकेशन तथा जर्मप्लाज्म संरक्षण व्यवस्थापन क्षेत्रमा रहेका विरुवाहरुको नियमित रेखदेख तथा गोडमेल काँट छाँट गर्ने काम सम्पन्न भएको।

जुम्लामा विभिन्न किसिमका जडीबुटीहरु पाईन्छन् । साथै एकै प्रकारका जडीबुटीहरु पनि जिल्लाका विभिन्न भेगमा पाईन्छ । ति विरुवाहरु संकलन गरी उत्तम जर्मप्लाज्म छनौट गर्ने तथा घरेलुकरण गरी जंगली विरुवाहरुको खेती गर्ने सम्भावनाको खोजी गर्नु जरुरी छ ।विरुवाको घरेलुकरण गर्ने तथा उत्तम जर्मप्लाज्म छनौट गर्न seed morphology, phenotypic variation, Ex- situ Conservation का लागि धिताचौर वनस्पति उद्यान तथा कार्यालयमा परिसरमा प्लट स्थापना गरीएको छ । यस कार्यक्रम अन्तर्गत पाटन भ्रमण गरी जुम्लाका प्रमुख जडिबुटी हरुको संकलन गरी ती जडिबुटीहरुको घरेलुकरण गरी खेति गर्ने सम्भावनको खोजी गर्ने प्रयास गरीएको ।

उक्त कार्यको लागी छनौट गरि पाटन क्षेत्रबाट विरुवा तथा विउ संकलन गरिएका जडिबुटी हरुः-

| | |
|---|---|
| जटामसी *(Nardostachys grandiflora)* | सुगन्धवाल *(Valeriana jatamansii)* |
| लघुपत्र *(Podophyllum hexandrum)* | पदमचाल *(Rheum australe)* |
| पाँचऔले *( Dactylorhiza hatagirea)* | कुरिलो *(Asparagus racemosus)* |
| निनाईजडी *(Iris decora)* | अतिस *(Delphinium himalayai)* |
| कुटकी *(Neopicrorhiza scrophularifolia)* | पाषाणभेद *(Bergenia cilliata)* |
| लौंठ सल्ला *(Taxus baccata)* | बोझो *(Acorus calamus)* |
| बिष *(Aconitum spicatum)* | महारंगी *(Arnebia benthamii)* |
| बिषमा *(Aconiitum bisma)* | सतुवा *(Trillidium govanianum)* |
| वन लसुन *(Fritillaria royeli)* | डालेचुक *(Hippophae salicifolia)* |
| कालादाना *(Habenaria pectinata )* | कालादाना *(Habenaria intermedia)* |
| ठुलो औषधि *(Astilbe rivularis)* | जिम्मु *(Allium humile)* |
| वायोजडी *(Tanacetum dolichophyllum)* | जेउडे धुपी *(Juniperus squamata)* |
| बुगाले *(Ajuga lupulina)* | |

लगायत ४० प्रजातीका जडिबुटीहरु Domestication research भइरहेको छ ।





## वनस्पति दिवस

"वानस्पतिक व वधता, अमुल्य सम्पदा"" नारामा देउडा प्रतियोगिता गरी त्रैत्र २९ गते वनस्पति दिवस तथा वनस्पति विभागको ५७ औ वार्षिकोत्सव मनाइयो।












## महिलाहरुलाइ जडिवुटि सम्वन्धि सचेतना कार्यकम

स्वस्थ्य संस्था/अस्पताल को पहुच भन्दा टाढा र भौगोलीक रुपमा विकट रहेका जुम्लाका विभिन्न गा.वि.स. हरुमा महिलाहरुको सहभागितामा होम हर्वल गार्डन स्थापना गरी तात्कालिक एंव दिर्घकालिन रुपमा जडिवुटिहरुको प्रयोग द्धारा स्वास्थ्य उपचार गर्ने अवधारणाका साथ कार्यक्रमलाई लक्ष्य उन्मुख वनाउनका लागि कार्यालय एंव सरोकारवाला सवैको संयुक्त प्रयासमा अघि

बढ्ने प्रतिवद्धता गरिएको छ। जिल्ला वनस्पति कार्यालयको आर्थिक एंव प्राविधिक सहयोग तथा महिलाहरुको समुहको सक्रिय व्यवस्थापन द्धारा महिलाहरुलाइ जडिवुटि सम्वन्धि सचेतना कार्यक्रम गरिएको हो । यस कार्यक्रमलाई सफल तुल्याउनका लागि आम महिलाहरुको बृहत छलफल पश्चात जडिबुटिको क्षेत्रमा धैर अनुभव वटुलेको महिलाहरु संलग्नता समुह गठन गरीएको छ ।

महिलाहरुलाइ जडिवुटि सम्वन्धि सचेतना कार्यक्रम को लागी आचार्यवाडा, तातोपानी तथा देपालगाउमा अभिमुखिकरण गोष्ठि गर्ने काम सम्पन्न भएको।








सहभागीहरुको नामावली

आचार्यवाडा, जुम्ला

| क.सं | नाम थर | संघ, संस्था, ठेगना | कैफियत |
|---|---|---|---|
| १ | गोमा लक्ष्मी आचार्य | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| २ | गौरीकला आचार्य | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ३ | धनलक्ष्मी खत्री | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ४ | सिमा खत्री | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ५ | राजु रावत | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ६ | कृष्ण रावत | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ७ | पुर्णिमा अधिकारी | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |

| | | | |
|---|---|---|---|
| ८ | पदमकन्या आचार्य | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ९ | सपना भण्डारी | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १० | छायादेवी आचार्य | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| ११ | सम्झना भण्डारी | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १२ | धना रावत | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १३ | तारा रावत | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १४ | देवकी अधिकारी | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १५ | मनिषा रावत | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १६ | सुजा जि. सी | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १७ | सानु आचार्य | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १८ | हिमाली खत्री | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| १९ | नानी नेपाली | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| २० | डम्वरशिला महतारा | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| २१ | नन्दकला महतारा | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| २२ | पुटिक लामा | चन्दननाथ, आचार्यवाडा, जुम्ला | |
| २३ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |
| २४ | चन्द्रमोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |

## देपालगाउ, ३, जुम्ला

| क.सं | नाम थर | संघ, संस्था, ठेगना | कैफियत |
|---|---|---|---|
| १ | ऐमान नेपाली | देपालगाउ, ३, जुम्ला | |
| २ | चौकी नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ३ | मन्जु नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ४ | सुकमती नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ५ | कल्पना नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ६ | चाउरी नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ७ | नानी गिरी | देपालगाउ, ३, जुम्ला | |
| ८ | वेलकोसा नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ९ | गिता नेपाली | देपालगाउ, ३, जुम्ला | |
| १० | पदमशिला नेपाली | देपालगाउ, ३, जुम्ला | |
| ११ | वाचु वुढा | देपालगाउ, ३, जुम्ला | |
| १२ | मच्चे गिरी | देपालगाउ, ३, जुम्ला | |
| १३ | विर्खे नेपाली | देपालगाउ, ३, जुम्ला | |
| १४ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |
| १५ | चन्द्रमोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |

## तातोपानी, जुम्ला

| क.सं | नाम थर | संघ, संस्था, ठेगना | कैफियत |
|---|---|---|---|
| १ | पाल्जु नेपाली | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| २ | कोइर नेपाली | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ३ | चुचे नेपाली | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ४ | रिठ रावल | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ५ | हिमी रावल | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ६ | कमला डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ७ | कला साहानी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ८ | हरिदेवी डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ९ | लक्ष्मी डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १० | देवकी डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| ११ | हिमाली अधिकारी | तातोपानी, ५, डागीवाडा जुम्ला | |

| | | | |
|---|---|---|---|
| १२ | मन्नु डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १३ | रामु डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १४ | विनसी डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १५ | कैली कठायत | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १६ | लालकुरा डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १७ | तिर्सना परियार | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १८ | देडकली डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| १९ | वसन्ती कठायत | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| २० | मुन वहादुर डागी | तातोपानी, ५, डागीवाडा जुम्ला | |
| २१ | मदन कुमार खडका | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |
| २२ | चन्द्रमोहन गुर्मछान | जिल्ला वनस्पति कार्यालय, जुम्ला | |

**यस कार्यालयबाट वनस्पति अनुशन्धान तथा वजारीकरण कार्यक्रम तर्फको सम्पन्न वार्षिक लक्ष्य तथा प्रगति विवरण एक प्रति यहाँ संलग्न गरिएको छ।**


वनस्पति
संरक्षण तथा
उद्यान विकास
कार्यक्रम
शैक्षिक वाटिका
सार्वजनिक सुनुवाइ
Chandannath Green Park
N
Legend
Garden Swing
Outer Garden
Trees
Garden Bench
Inner Road
Inner Garden
Grass Lawn
0 500 1,000 2,000 3,000 4,000
Meters
Prepared by: Madan Kumar Khadka

# *वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम*

**पृष्ठभूमि**

कर्णाली अञ्चलमा विद्यमान महत्वपूर्ण वनस्पति तथा जडिबुटीको स्रोत सर्वेक्षण, संरक्षण र सम्बर्द्धन गरी अध्ययन अनुसन्धानबाट प्राप्त ज्ञान र सीपलाई जनस्तर तथा वैज्ञानिक दुवै जगतमा सम्बाहन गर्ने उद्देश्य अनुरुप यस जिल्ला वनस्पति कार्यालय , जुम्लाको स्थापना भएको हो । वनबाट प्राप्त हुने वन पैदावारहरु मध्ये शोभनीय फूल विरुवा पनि एक हो । स्थानीय महत्व बोकेका शोभनीय फूल विरुवाहरुको खेती प्रविधि विकास , बजार सम्भाव्यीकरण अध्ययन , सम्बर्द्धन तथा संरक्षण गर्ने उद्देश्यका साथ वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम सञ्चालित हुदै आइरहेको छ। मुलतः दुई ध्येय Research (अनुसन्धान) तथा Recreation (मनोरञ्जन) राखेर जिल्ला वनस्पति कार्यालय, जुम्लाले स्थापनाकाल देखि नै जुम्ला जिल्लामा उपलब्ध विशेष गरी संकटापन्न , दुर्लभ , आर्थिक दृष्टिले महत्वपूर्ण तथा शोभनीय जातका वनस्पतिहरुको संरक्षण तथा सदुपयाग गर्ने कार्य गर्दै आईरहेको छ ।

**उद्देश्य**

महत्वपूर्ण वनस्पतिहरु तथा स्वदेशी शोभनीय फूल विरुवाको पहिचान गर्ने , संरक्षण , संबर्द्धन गर्ने, जनसहभागिता तथा जनचेतना अभिबृद्धि गर्ने , जैविक विविधताको संरक्षण सम्बर्द्धन गर्ने , वनस्पति उद्यानलाई व्यवश्थित तथा विकास गर्ने खेती प्रविधि विकास , बजार सम्भाव्यीकरण अध्ययन  तथा अनुसनधानबाट प्राप्त ज्ञान र सीपलाई जनस्तर तथा वैज्ञानिक जगत दुवैमा सम्बाहन /हस्तान्तरण  गर्ने ।

**लक्ष्य**

वातावरण संरक्षण, जैबिक बिबिधताको संरक्षण, पर्यटन बिकास, अध्ययन, अनुसन्धानमा सहयोग,शैक्षिक भ्रमण कार्यक्रममा सहयोग, मनोरञ्जनात्मक तथा शैक्षिक थलोको निर्माण र रोजगारीका अबसरहरु उपलब्ध गराई देश बिकासमा टेवा पुर्‍याउने ।

## *(अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु*

**हेज कटर, वुश कटर, फलैचा खरिद वा निर्माण**

जिल्ला प्राविधिक कार्यालय वाट लगत इष्टिमेट गराइ फलैचा खरिद वा निर्माण निर्माण कार्य सम्पन भएको।



**वाटो सुधार, वाकिग ट्रेल निर्माण,**

धिताचौर वनस्पति उधानमा ढुगा छापी वाटो निर्माण कार्य सम्पन भएको।




**फेन्सिग**

धिताचौर वनस्पति उधानमा फेन्सिगको लागी तार जाली खरिद कार्य सम्पन भएको।



**एक नगर एक उधान**

जल्ला प्राविधिक कार्यालय वाट लगत इष्टिमेट गराइ गार्डेन वेन्च, गार्डेन स्विग, रक गार्डेन तथा फूल विरुवा रोपी उधान निर्माण कार्यको लागी अन्तिम चरणको काम भइरहेको।







**शौचालय निर्माण**

धिताचौर वनस्पति उधानमा शौचालय निर्माण कार्य सम्पन भएको।





## मौसमी शोभनीय फूल विरुवा उत्पादन

धिताचौर वनस्पति उद्यानलाई क्षेत्रको रुपमा विकास गर्ने क्रममा जुम्ला जिल्लामा पाईने तथा अन्य जिल्लाबाट आयातित विरुवाहरु संरक्षण गर्ने गरिएको छ । साथसाथै जुम्ला जिल्लामा शोभनिय विरुवाहरु तथा अन्य क्षेत्रका विरुवाहरु आयातित गरी, उत्पादन गरी, कार्यालय परिसर, उद्यान क्षेत्र तथा स्थानिय समुह, समुदाय हरुमा वितरण गर्ने गरिएको छ ।नयाँ प्रजातिका विरुवाहरु थप गर्ने, रहेका विरुवाहरु संरक्षण तथा व्यवस्थापन गर्ने, शोभनिय विरुवाहरु उत्पादन गरी कार्यालय परिसर तथा उद्यानलाई मनोरम बनाउने, विरुवाहरु वितरण गर्ने । नर्सरी निर्माण गरेर, विरुवाहरु उत्पादन, संवर्धन गरेर । जिल्ला वनस्पति कार्यालय परिसर तथा धिताचौर वनस्पति उद्यान क्षेत्र । धिताचौर वनस्पति उदानलाई नमुना क्षेत्रको रुपमा विकास गर्ने क्रममा यस कार्यक्रम अन्तर्गत जुम्ला जिल्लामा पाईने महत्वपूर्ण र बहुउपयोगी वनस्पतिहरुको तथा अन्य जिल्लाबाट संकलित विरुवाहरु संरक्षण गर्नुका साथसाथै जुम्ला जिल्लामा शोभनिय विरुवाहरु उत्पादन गरी कार्यालय परिसर, उद्यान क्षेत्र तथा स्थानिय समुह, समुदाय हरुमा वितरण गर्ने गरिएको छ । यस कार्यक्रमको लागी आवश्यक वीउ वीजन खरिद गरी वीरुवा उत्पादन गर्नको लागी आवश्यक सामग्री खरीद गरि दिनशोभा, क्यालेण्डुला, पपी, गोदावरी, डायन्थस, डेजी ,राजा फूल, सयपत्री,  अतिस, विष, विषमा, सतुवा, पदमचाल, कुट्की, जिम्मु, अकरकाँडा, बायोजडी, गनाईनो लगायतका  जडिबुटी र शोभनिय फूल विरुवाका करिब २२००० विरुवा उत्पादन गरि केहि उद्यानमा लगाईएको र केहि समुदायमा वितरण गरिएको ।

वनस्पति उधान, कार्यालय भवन परिसर, सेड र ग्रिन हाउस तथा नर्सरी  मा २२ हजार मौसमी शोभनीय विभिन्न सिजनल हाइब्रिड फूलहरु र स्थानीय फूलको विरुवा उत्पादन गर्ने काम सम्पन्न भएको ।

### उत्पादित विरुवाको जात अनुसारको संख्या

| क्र.स. | फूल विरुवाहरुको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | गुलाब *(Rose)* | १२०० | |
| २. | पप्पी फूल *Poppy Flower* | ५०० | |
| ३. | *Oriental poppy* | ३५० | |
| ४. | क्यालेन्डुला /असर्फी फूल *Calendula officinalis* | ५०० | |
| ५. | *White crucifer* | ४२० | |
| ६. | मिक्स क्यालेन्डुला *Coreopsis* | ७०० | |
| ७. | *Dianthus sp.* | ३६० | |
| ८. | *Schizanthus* | ५०० | |
| ९. | अर्किडोला *Orchideola.* | १५०० | |
| १०. | *Statice* | ४०० | |
| ११. | *Antirrhinium* | ४०० | |
| १२. | सयपत्री *Tagetes patula* | ३००० | |
| १३. | गोदावरी *Chrysantemum* | ३००० | |
| १४. | घोगा फूल ***Nypophae*** | ६०० | |
| १५. | *Stock* | ५०० | |
| १६. | *White daisy* | ३०० | |
| १७. | लिनारीया *Linaria sp.* | ६०० | |
| १८. | दहलिया *Dahlia sp.* | ९०० | |
| १९. | *Nemsia* | ५०० | |
| २०. | सूर्यमुखी फूल *Helianthus annum* | २०० | |
| २१. | *Balsam sp.* | ६०० | |
| २२. | भिण्डी फूल *Holihock* | ७० | |
| २३. | *Zinnia* | ४०० | |

| | | | |
|---|---|---|---|
| २४. | दिनशोभा *Hemerocallis fulva* | ६० | |
| २५. | *Aster* | ४० | |
| २६. | क्यालेन्डुला /असर्फी फूल *Calendula officinalis* | ४४०० | |
| | जम्मा | २२००० | |

मौसमी शोभनीय फूल विरुवा




फूल विरुवा उत्पादन

**<u>धिताचौर वनस्पति उधान कार्यक्रम कार्ययोजना कार्यन्वयन ( पर्खाल तथा मुल प्रवेश द्वार निर्माण)</u>**

जिल्ला प्राविधिक कार्यालय वाट लगत इष्टिमेट गराइ पर्खाल तथा मुल प्रवेश द्वार निर्माण को काम सम्पन्न भएको।







## *आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु*

**सार्वजानिक सुनुवाइ (प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण)**

उक्त कार्यक्रम जुम्ला जिल्ला गठिचौर गाउ पालिका वडा न. ५ देपालगाउको धितमा मिति २०७४/०३/११ गते सम्पन्न भएको थियो।

जिल्ला वनस्पति कार्यालय जुम्ला ले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागरीकबीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरीकहरुप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ । यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ ।

यस प्रकृयालाई ध्यानमा राखि जिल्ला वनस्पति कार्यालय जुम्लाले सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा मिति २०७४ असार ११ गते सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य नागरीक र कार्यालय बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको थियो । सार्वजनिक सुनुवाइ स्थानीय बासिन्दाको स्थानीय निकायको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन जिविसले कार्य गर्दै आएको छ ।

## कार्यकमको उद्धेश्य

- सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
- नागरीकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने ।
- जवाफदेही संस्कार बसाउने ।
- न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा को एउटा सूचकांक पूरा गर्न ।

उक्त कार्यक्रम को अध्यक्षता जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय प्रमुख श्री मदन कुमार खड्का ले गर्नुभएको थियो तथा प्रमुख अतिथी ज्येष्ठ नागरिक श्री प्रयाग दत धिताल, विषेश अतिथी श्री पदम राज गिरी वडा सदस्य र नारायण प्रशाद धिताल, नया शक्ति नेपालको उपश्थितिमा मा सम्पन्न भएको थियो, तालिमको उदघाटन प्रमुख अतिथी ज्येष्ठ नागरिक श्री प्रयाग दत धिताल ज्यू ले धुप वालेर थियो भने त्यस कार्यक्रम लाइ जिल्ला वनस्पति कार्यालय, जुम्लाका सह लेखापाल श्री रत्नलाल प्याकुरेल ले संचालन गर्नुभएको थियो।





यो कार्यक्रम मिति २०७४/०३/११ गते १ दिन भरी संचालन भएको थियो र ४५ जना सर्वसाधारण, सा.व. र वनस्पति, जडिबूटी समुहका प्रतिनिधि हरु, व्यापारी, जडिवुटि कृषकको संलग्नता रहेको थियो।




यो कार्यक्रममा जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय प्रमुख श्री मदन कुमार खड्का ले वनस्पति विभाग र जिल्ला वनस्पति कार्यालय जुम्लाको परिचय, जिल्ला वनस्पति कार्यालय जुम्लाद्धारा आ.व २०७३/७४ मा संचालित कार्यक्रमवारे जानकारी गराउनु भएको थियो।

उक्त कार्याक्रममा वडा सदस्य श्री पदम राज गिरी, नया शक्तिका नारायण प्रशाद धिताल, वन विज्ञान हेटौडा अध्ययनरत श्री केवल पाण्डे, श्री तिलक प्रशाद धिताल, श्री विष्णु कान्त धिताल र राजु धिताल ले निम्न सुझावहरु सहित मन्तव्य राख्नु भएको थियो।

- ❖ आय आर्जनका लागि जडिबुटी खेती गर्न सहयोग अझ वढाउनु पर्ने
- ❖ विभिन्न किसिमका सीप विकासका तालिम संचालन गर्दै आएको र आउँदा दिनमा जडिबुटी प्रशोधन सम्बन्धि तालिम संचालन गर्ने
- ❖ जडिबुटीहरुको महत्व तथा प्रयोग विधि बारे जानकारी गराउन सल्लाह ।
- ❖ अगुवा कृषक जडिबुटी तालिम संचालन गर्ने ।
- ❖ एक गाउँ एक उत्पादन कार्यक्रम सुरु गरेको ।
- ❖ नयाँ बजारको खोजी गरिनुपर्ने ।

- जडिबुटीको बजारीकरणमा एकिकरण हुनुपर्ने ।
- जडिबुटी प्रशोधनको व्यवस्था हुनुपर्ने ।
- जडिबुटी भन्डारणका लागि उचित व्यवस्था गरिनुपर्ने ।
- जडिबुटीको चोरी निकासी रोक्नका लागि जिल्ला वन कार्यालयको सशक्त भूमिका हुनुपर्ने
- जडिबुटी नीतिलाई समयसापेक्ष परिमार्जन गरिनुपर्ने ।
- सहकारीको माध्यमबाट जडिबुटी खेति गरिनुपर्ने ।
- गाउँ लक्षित तालिम तथा गोष्ठिका कार्यक्रम संचालन गरिनुपर्ने ।
- जडिबुटीलाई वन पैदावारको रुपमा नहेरी कृषि उपजको रुपमा नीतिगत दृष्टिकोण रहनुपर्दछ ।
- जडिबुटीको निश्चित मूल्य तोकिनुपर्ने ।

## केशर खेती परिक्षण

केशरको गाना भारत तथा जापान वाट झिकाएर भाद्र मा रोपी कार्तिकमा फूल टिपी ज्यष्ठमा गाना खनेर भण्ढारण गर्ने कार्य सम्पन्न भएको।












## सचेतना अभिवृद्धिका लागि उद्यान भित्र शैक्षिक वाटिका व्यवस्थापन

शैक्षिक वाटीका व्यवस्थापनका लागि वनस्पति उधानमा १/२ रोपनी क्षेत्रफलमा विभिन्न प्रजातीका विरुवा संकलन गरी, ट्याग गरी स्थापना गर्ने काम सम्पन्न भएको।





## स्वदेशी शोभनीय फूल विरुवा अध्ययन अनुसन्धान

स्वदेशी शोभनिय फूलविरुवालाई प्रर्वदन गर्न, यसलाई बढावा दिन घरेलुकरण नभईसकेका यस्ता विरुवाको छनौट गरी अनुसन्धान मार्फत खेती प्रविधि विकास गर्ने, बजारिकरण गर्नका लागि अध्ययन लाई अगाढी बडाउनु पर्ने देखिन्छ ।कुनै दुई स्वदेशी शोभनिय फूलविरुवाको अध्ययन, अनुसन्धान गर्ने । Bulb weight Vs. Flowering, domestication, cultivation technique, chemical treatment स्वदेशी शोभनिय फूलविरुवा प्रवर्द्धन गर्न, यसलाई बढावा दिन घरेलुकरण नभैसकेका यस्ता विरुवाको छनौट गरी अनुसन्धान मार्फत खेति प्रविधि विकास गर्ने बजारीकरण गर्नका लागी अध्ययन अगाडि बढाइएको हो । यस्ता विरुवाहरुमा जुम्लाका प्रमुख शोभनिय फुल विरुवा निम्न छन् ।

**आर्थिक सम्भाव्यता बोकेका जुम्लाका शोभनीय विरुवाहरु :-**

| | | |
|---|---|---|
| **Leycesteria formosa** | **Stellaria chamejasme** | **Lilium nepalense** |
| **Camomile** | **Pyratherum** | **Salvia hians** |
| **Rhododendron lepidotum** | **Primula denticulate** | **Anemone obtusiloba** |
| **Juniperus squamata** | **Iris nepalense** | **Anacyclus pyrethrum** |

स्वदेशी शोभनीय फूल विरुवा अध्ययन अनुसन्धानको लागी वन पिडालु **Lilium nepalense**






## ल्याण्डस्केप तथा जाति विशेष उद्यान

कार्यालय परिसरमा ल्यान्डस्केप व्यवस्थापन कार्य अन्तर्गत काठले घेर्ने, गोला ढुगां मिलाउने, माटो वग्न नदिन पर्खाल निर्माण, गिटि छापी वाटो मर्मत गर्ने, धिताचौर वनस्पति उधानको गोलघर जाने सिढि २०६७ साल पछि पुन निर्माण साथै वनस्पति उधानमा र कार्यालय परिसरमा रहेका विरुवाहरुको नियमित  रेखदेख तथा गोडमेल काँट छाँट र विभिन्न अस्थाई संरचना निमार्ण  गर्ने काम सम्पन्न भएको।

धिताचौर स्थित उद्यानको चौरको सरसफाई / खनजोत गरी उद्यानको शोभा बढाई विभिन्न व्यक्तिहरुलाई अवलोकन भ्रमण/अनुसन्धानको लागि आकर्षित गरिएको छ । साथै Rose Garden विकास गरिएको छ । झण्डै ३०० जना भन्दा बढि विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाका कर्मचारी लगायत कृषक, व्यापारी , विद्यार्थी लगायत सर्बसाधारण जनताहरु पाल्नु भएको थियो ।

जैविक विविधतामा धनी जुम्ला जिल्लामा विभिन्न प्रजातिका बिउबिरुवाहरु पाईन्छन् । यी जाती विशेष प्रजातिहरुमा केही हुन् , सुनाखरी प्रजाती (Orchid garden)  ,गुलाफ प्रजाती (Rose garden), फर्न वर्ग (Fern garden),शंखु भएका विरुवा (Gymnosperms) CITES Garden  आदी । अध्ययन तथा अनुसन्धानका साथै वंशवृद्धिका दृष्टिले पनि विभिन्न जाति विशेष उद्यानहरुको जर्गेना तथा संरक्षण गर्नु जरुरी देखिन्छ । उद्यान ल्याण्डस्केपलाई मनोरम बनाउन नयाँ संरचना थप तथा चौर व्यवस्थापन पनि उत्तिकै जरुरी छ ।धिताचौर वनस्पति उद्यानमा विभिन्न जाति विशेष विरुवाहरु उत्पादन गर्ने, थप गर्ने तथा संरक्षण गर्ने ।विभिन्न जाति विशेष विरुवाहरु उत्पादन गरेर, संरचना थप तथा व्यवस्थापन गरी । धिताचौर वनस्पति उद्यानमा व्यवस्थापन गरीएको जैविक विविधताले धनि जुम्ला जिल्लामा विभिन्न प्रजातिका विरुवाहरु पाईन्छन् । यी जाति विशेषमा सुनाखरी प्रजाति, गुलाब प्रजाती, फर्न बर्ग आदिलाई विभिन्न जाती विशेष उद्यान निर्माण गरी ल्याण्डस्केपलाई मनोरम बनाउन त्यसको उचित व्यवस्थापन जरुरी छ । तसर्थ गुराँस गार्डेन, गुलाब गार्डेन, आदि निर्माण गरि नेमप्लेट राखी लेवलिङ्ग गरिएको । साथै काठका मुढा राखी विश्रामस्थल समेत निर्माण गरिएको । धिताचौर स्थित उद्यानको चौरको सरसफाई / खनजोत गरी उद्यानको शोभा बढाई विभिन्न व्यक्तिहरुलाई अवलोकन भ्रमण/अनुसन्धानको लागि आकर्षित गरिएको छ  । झण्डै ३०० जना भन्दा बढि विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाका कर्मचारी लगायत कृषक, व्यापारी , विद्यार्थी लगायत सर्बसाधारण जनताहरुबाट अवलोकन भ्रमण भएको र सो कार्यको लागी नर्सरी नाईके २ जनालाई खटाई पारिश्रमिक भुक्तानी गरिएको ।

निर्माण गरिएका उद्यानको संख्या र क्षेत्रफल तथा व्यवस्थापन गरिएका उद्यानको संख्या र क्षेत्रफल

| S.No | Types | Area_Sqm | Area_ha | Perimeter |
|---|---|---|---|---|
| 1 | Boundary | 45116 | 4.5116 | 1001.05 |
| 2 | Golghar | 17.9027 | 0.00179 | 15.5378 |
| 3 | Staircase | 103.444 | 0.01034 | 82.760597 |
| 4 | Staircase | 71.459099 | 0.00715 | 59.0947 |

| | | | | |
|---|---|---|---|---|
| 5 | Demo Plot | 126.957 | 0.0127 | 61.505299 |
| 6 | Demo Plot | 666.18103 | 0.06662 | 144.019 |
| 7 | Demo Plot | 706.49701 | 0.07065 | 148.422 |
| 8 | Germplasm Area | 922 | 0.0922 | 214.556 |
| 9 | Underground Water Storage Tank | 11 | 0.0011 | 17.5208 |
| 10 | Germplasm Area | 138.31799 | 0.01383 | 72.843498 |
| 11 | Ornamental Garden | 176.877 | 0.01769 | 48.216599 |
| 12 | Rose Garden | 296.31601 | 0.02963 | 63.1842 |
| 13 | Guard House | 74.936401 | 0.00749 | 36.6973 |
| 14 | Fern Garden | 79.809799 | 0.00798 | 39.961102 |
| 15 | Poly Hose | 25.867001 | 0.00259 | 20.6917 |
| 16 | Cutting Plantation Plot | 237.478 | 0.02375 | 89.680603 |
| 17 | Plastic Pond | 18.0156 | 0.0018 | 17.835899 |
| 18 | Composting Area | 12.6492 | 0.00126 | 14.3015 |
| 19 | Jungle Area | 34314.801 | 3.43148 | 1379.09 |
| 20 | Wooden Chair | 2.74564 | 0.00027 | 6.09542 |
| 21 | Demo Plot | 65.186501 | 0.00652 | 36.172901 |
| 22 | Sugandhwal Plot | 147.133 | 0.01471 | 54.8242 |
| 23 | Apple Garden | 1457.14 | 0.14571 | 203.185 |
| 24 | Garden Track | 345.89899 | 0.03459 | 194.08099 |
| 25 | Broken Guard House | 25.620701 | 0.00256 | 22.9086 |
| 26 | Garden Track | 378.64999 | 0.03786 | 345.63699 |
| 27 | CITES Garden | 4.53746 | 0.00045 | 9.37799 |
| 28 | Grass Area | 62.703602 | 0.00627 | 116.186 |
| 29 | Grass Area | 535.995 | 0.0536 | 370.49899 |
| 30 | Grass Area | 4317.5498 | 0.43175 | 1011.01 |
| 31 | Grass Area | 142.367 | 0.01424 | 157.313 |
| **Total** | | **45486.037** | **4.5486** | **5053.2087** |


Map of Dhitachour Botanical Garden
N
Apple Garden
Jungle Area
Legend
Types
Apple Garden
Broken Guard House
CITES Garden
Composting Area
Cutting Plantation Plot
Demo Plot
Fern Garden
Garden Track
Germplasm Area
Golghar
Grass Area
Guard House
Jungle Area
Ornamental Garden
Plastic Pond
Poly Hose
Rose Garden
Staircase
Sugandhwal Plot
Underground Water Storage Tank
Wooden Chair
Boundary
40 20 0 40
Meters
1:1,500


जिल्ला वनस्पति कार्यालय
लाई हार्दिक स्वागत छ


प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं
अनियन्त्रित संकलन नगरौं
जडिबुटी खेती
गरी







## गुँरास संरक्षण व्यवस्थापन

जुम्ला जिल्लाको विभिन्न ठाउवाट गुँरासहरु संकलन गरी रोपण गर्ने काम भएको तर सुख्खा का कारणले सवै वचाउन नसकिएको।




## दुर्लभ, लोपोन्मुख , वनस्पति प्रजातिको संकलन तथा संरक्षण

जुम्ला जिल्ला जडिबुटी वनस्पति हरुको विविधता भएको जिल्ला हो । यहाँको हावापानीमा बिगतमा प्रसस्त मात्रामा जडिबुटी पाईएता पनि हाल आएर जंगल तथा पाटन क्षेत्रबाट अत्यधिक संकलन र समय अगावै अपरिपक्व संकलन बाट धेरै प्रजातिहरु लोपोन्मुख अवस्थामा पुगेका छन् । यस्ता प्रजातिहरुको तथ्यांक संकलन गरी समयमै संरक्षण तथा घरेलुकरण गर्न जरुरी छ । तसर्थ लोपोन्मुख प्रजातिहरुको जिवितै संकलन गरी यस कार्यालय र धिताचौर उद्यानमा संरक्षण गर्न सुरुवात गर्दै आएको । विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सम्मेलन वाट दुर्लभ लोपोन्मुख ठहराईएका वनस्पति हरुको जिवित नमुना संकलन गरी संरक्षण गर्ने ।छनौट गरिएका वनस्पति प्रजातिहरुको जिवित नमुना नेपाल अधिराज्यको विभिन्न ठाउँ तथा यस जिल्लाको विभिन्न स्थानहरुवाट संकलन गर्ने । यस कार्यालय परिसर र धिताचौर वनस्पति उद्यानमा पाँचऔंले, सतुवा, वन लसुन, कालादाना, विषमा लगायतका जडिबुटी वनस्पति संरक्षण गरिएको ।

जुम्ला जिल्लाको विभिन्न ठाउवाट दुलर्भ, लोपोन्मुख, वनस्पति प्रजातिहरु सतुवा २० , वनलसुन ४०, भ्याकुर ६०, जटामसी २०, पाचऔले ७० सवै गरेर लगभग २२० जति संकलन गरि वनस्पति उधान, कार्यालय भवन परिसर, सेड र ग्रिन हाउस मा संरक्षण गर्ने काम सम्पन्न भएको।






## अर्किड संकलन तथा व्यवस्थापन

जुम्ला जिल्लाको विभिन्न ठाउवाट लगभग ५० जति थान अर्किडहरु संकलन गरी वनस्पति उधान, कार्यालय भवन परिसर, सेड र ग्रिन हाउस र गमला निर्माण गर्न लगाइ संरक्षण गर्ने काम सम्पन्न भएको तर सुख्खा का कारणले सवै वचाउन नसकिएको।

 

## वनस्पतिहरुको लेवलिङ्ग

वनस्पतिहरुको लेवलिङ्ग गर्ने काम सम्पन्न भएको।




  

   








## सुरक्षा तथा पालोपहरा

जिल्ला वनस्पति कार्यालय, जुम्ला अर्न्तगत धिताचौर वनस्पति उद्यानमा विभिन्न प्रजातिका वनस्पतिहरु संरक्षण भइरहेका छन् । अनुसन्धानकर्ता, विद्यार्थीहरु, कृषक तथा अन्य व्यक्तीहरुलाई सुचनाहरु उपलब्ध गराउनुका साथै संरक्षित वनस्पतिहरु तथा अन्य

भौतिक संरचनाहरुको सुरक्षा, संवर्धन तथा व्यवस्थापन गर्नु अत्यावश्यक रहेको छ। धिताचौर वनस्पति उद्यानमा रहेका वनस्पतिहरु तथा संरचनाहरुको सुरक्षा, देखरेख गर्ने । पालोपहरा खटाएर, हेरालु राखेर, बारबन्देजको प्रयोग गरेर ।धिताचौर वनस्पति उद्यानमा तथा कार्यालय परिसरमा । जिल्ला वनस्पति कार्यालय जुम्लाको धिताचौर वनस्पति उद्यानलाई त्यहाँका संरक्षित संरचनालाई सुरक्षा दिनको लागी आवश्यक मात्रामा उद्यान घेरवार गरी २ जवानलाई दिवा र रात्री गरी पालोपहरामा खटाईएको । त्यसका अतिरिक्त उद्यानमा अग्निरेखा निर्माण गर्न लगाई जैविक घेरवार गरिएको ।
कार्यालय भवन, परिसर र वनस्पति उद्यानमा पालो पहरा र सुरक्षा गर्ने काम सम्पन्न भएको।

## इथनोवोटानिकल वाटिका स्थापना

इथनोवोटानिकल वाटिकाको को लागी १० जातका औषधिजन्य विरुवाहरु संकलन गरि ल्याइ रोप्ने काम सम्पन्न भएको।

## Taxonomical Family Garden

Taxonomical family Garden को लागी Rosaceae ( Rose family), Labiatae ( Mint family), Compositae (Daisy family) विरुवाहरु संकलन गरि ल्याइ रोप्ने काम सम्पन्न भएको।

## फर्न उद्यान व्यवस्थापन

फर्न उद्यान व्यवस्थापनका लागि वनस्पति उधानमा जुम्ला जिल्लाको विभिन्न ठाउवाट लगभग १२० थान जति फर्नहरु संकलन गरि संरक्षण  गर्ने काम सम्पन्न भएको।





## उद्यान भित्र जलिय वनस्पति संकलन तथा संरक्षण

उधान भित्र निर्माण गरिएको सिमेन्टेड पोखरी मा पानी ल्याउनको लागी पाइप खरिद कार्य सम्पन भएको।





**यस कार्यालयबाट वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम तर्फको सम्पन्न वार्षिक लक्ष्य तथा प्रगति विवरण एक प्रति यहाँ संलग्न गरिएको छ ।**


जडिवुटी
विकास
कार्यक्रम
सुचना कक्ष कार्पेट हाल्ने काम
आयमूलक जडिबुटी खेती, प्रशारण तथा भण्डारण सम्बन्धी तालिम
फिल्ड स्तरीय कोचिङ्को लागि कार्यालय परिसरमा अभिमुखिकरण गोष्ठि सम्पन्न गरिएको
नोटबुक

# *जडिवुटी विकास कार्यक्रम*

## पृष्ठभूमी

